International
Labour
Organization

बालश्रम विरुद्ध विश्व दिवस

# आपूर्ति चक्रमा



## बालश्रमको अन्त्य :

सवैको सरोकार

बालश्रम विरूद्धको विश्व दिवस २०१६ आपूर्ति चक्रमा[1] केन्द्रित छ । जटिल बन्दै गइरहेको आपूर्ति चक्रमा बालश्रम कुनै निश्चित स्थान, राष्ट्र हुँदै क्षेत्रीयस्तरमा फैलिएको पाइन्छ । कृषि र मत्स्यपालन, उत्पादन र उत्खनन्, सेवा र निर्माणलगायतका सबै आपूर्ति चक्रहरू चाहे ती राष्ट्रिय स्तरमा हुन वा अन्तर्राष्ट्रिय स्तरमा अझै पनि १६ करोड ८० लाख बालबालिका बालश्रममा संलग्न रहेको अनुमान छ । आपूर्ति चक्रमा बालश्रमको उन्मूलन सबैको सरोकारको विषय हो र त्यसका लागि सरकार, श्रमिक र रोजगारदाताका संघसङ्गठन र व्यावसायीहरूको प्रतिबद्धता आवश्यक पर्छ ।

बहुराष्ट्रिय प्रतिष्ठान र सामाजिक नीतिसम्बन्धी सिद्धान्तबारे आइ.एल.ओ. को त्रिपक्षीय घोषणापत्र (MNE घोषणापत्र) ले राष्ट्रिय कानुनको पालना गर्नु र श्रममा सबै आधारभूत सिद्धान्त र अधिकारहरूलाई साकार पार्न योगदान दिनु सबै उद्यमी तथा व्यावसायीहरूको जिम्मेवारी हो भन्ने कुरा स्पष्ट गरेको छ, र साथै आइ. एल.ओ. को न्यूनतम उमेरसम्बन्धी महासन्धि नं १३८ र निकृष्ट प्रकारको बालश्रम विरूद्ध आई. एल.ओ. महासन्धि नं १८२ मा परिभाषित गरिएअनुसार बालश्रमको उन्मूलन समेत उल्लेख गरेको छ ।

बालश्रमको प्रयोग धेरै पेशा वा क्षेत्रमा छ, विशेषगरी ग्रामीण तथा अनौपचारिक अर्थतन्त्रहरूमा र श्रमबजारको व्यवस्थापन, ट्रेड युनियन र रोजगारदाता संघसङ्गठनहरूको कमजोर उपस्थिति वा अनुपस्थिती भएको क्षेत्रमा र श्रम निरिक्षकहरू पुग्नसक्ने क्षमता कम भएको ठाउँमा हुने गरेको छ । आपूर्ति चक्रमा बालश्रम एउटा सानो वर्कसप वा घरमा पनि हुनसक्छ, जसले गर्दा त्यसको पहिचान र समाधान गर्न कठिन हुन्छ । धेरै बालबालिका अन्तर्राष्ट्रिय स्तरमा खरिदविक्री हुने सामग्री वा सेवाहरूको उत्पादनमा बालश्रमिकको रूपमा संलग्न हुनसक्ने भए तापनि, त्यो भन्दा बढी राष्ट्रियस्तरमा उपभोगका लागि तयार हुने सामान उत्पादनमा काम लगाइएको पाईन्छ ।

## तत्काल सम्बोधन गरिनुपर्ने

बालश्रमले बालबालिकालाई खतराबाट सुरक्षित रहने, गुणस्तरीय शिक्षा र व्यावसायिक तालिम प्राप्त गर्ने र खेल्ने तथा आराम गर्ने अधिकारबाट बञ्चित गर्दछ । बालश्रमबाट मुक्ति मौलिक मानवअधिकार हो र काममा अन्य आधारभूत सिद्धान्त र अधिकार, त्यसमा पनि विशेषगरी संगठित हुन पाउने अधिकार र सामूहिक सौदावाजीको अधिकार सबैका मर्यादित काम प्राप्तिका लागि अत्यावश्यक छ ।

मर्यादित काम र आर्थिक वृद्धिसम्बन्धी नयाँ दिगो विकास लक्ष्य नं ८ को निर्दिष्ट सूचकांक (८.७) ले बाध्यकारी श्रमको उन्मूलन, आधुनिक दासता र मानव बेचबिखनको अन्त्य, निकृष्ट प्रकारको बालश्रमको प्रतिबन्ध तथा उन्मूलन, र सन् २०२५ सम्म सबै प्रकारका बालश्रमलाई अन्त्य गर्ने तत्काल कदमहरू चाल्न आह्वान गर्दछ ।

यो लक्ष्यसम्म पुग्नका लागि सामूहिक कार्यमार्फत प्रगतिलाई द्रुत गति प्रदान गर्दै विद्यमान ज्ञान र श्रोतको अझ राम्रो प्रयोग गरिनुपर्छ । उद्यमी तथा व्यावसायीहरूले आफनो व्यवसाय सञ्चालन रहेको देश तथा समुदायहरूमा मानवअधिकार र अन्य श्रमसंग सम्बन्धित अधिकारको सम्मान गर्ने जिम्मेवारीलाई व्यावसायिक अभ्यासका रूपमा अवलम्बन गर्नुपर्छ । त्यस्ता अभ्यासहरूलाई उद्यम व्यवस्थापन र ट्रेड युनियनबीचको सामाजिक संवादले प्रवर्द्धन् गरिनुपर्छ र त्यसको उदाहरण बन्नुपर्छ ।

## जिम्मेवार व्यवसायको अर्थ बालश्रम नहुनु हो ।

आइ.एल.ओ. MNE घोषणापत्रले कम्पनीहरूलाई सामाजिक तथा आर्थिक विकासमा योगदान पुर्‍याउने र आधारभूत श्रम अधिकारको सम्मान गर्ने मार्गदर्शन प्रदान गर्छ । बालश्रम लगायतका विषयमा सरकार, रोजगारदाता, श्रमिक संघसङ्गठन र उद्यमहरूले पालन गर्नु पर्ने सिद्धान्तहरूलाई यसले सिफारिस गर्दछ ।

बहुराष्ट्रिय उद्यमका साथै राष्ट्रिय उद्यम तथा व्यावसायहरूले बालश्रमको प्रभावकारी उन्मूलनलाई सुनिश्चित गर्न रोजगार वा काममा प्रवेशका लागि न्यूनतम उमेरको सम्मान गर्नुपर्छ, र तत्काल गर्नुपर्ने कामका रूपमा निकृष्ट प्रकारका बालश्रमलाई प्रतिबन्ध तथा उन्मूलनका लागि आफ्नो क्षेत्राधिकार भित्र तत्काल र प्रभावकारी कदम चाल्नुपर्छ ।

सन् २०११ मा संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदले पारित गरेको व्यावसाय र मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशक सिद्धान्तमा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त मानव तथा श्रम अधिकारका साथै आई.एल.ओ.को काममा आधारभूत सिद्धान्त र अधिकारलाई उद्दृत गरिएको पाइन्छ र त्यसमा काममा आधारतभूत सिद्धान्त र अधिकारसम्बन्धी आई.एल.ओ. घोषणापत्रलाई समेत स्थापित गरिएको छ । संयुक्त

१ आपूर्ति चक्र कुनै पनि सामानको उत्पादन र वितरणमा संलग्न हुने क्रियाकलाप/प्रक्रियाहरूको सिलसिला (क्रम) हो ।

राष्ट्रसङ्घीय निर्देशक सिद्धान्तका तीन आधारस्तम्भ रहेका छन् : तेस्रो पक्षबाट हुने मानवअधिकार उल्लङ्घन विरूद्ध संरक्षण गर्ने राज्यको दायित्व; मानवअधिकार सम्मान गर्ने व्यावसायिक सामाजिक उत्तरदायित्व र प्रभावकारी उपचारमा पहुँच प्राप्त गर्ने पीडितहरूको अधिकार ।

## तत्काल सम्बोधन गरिनुपर्ने

बालश्रम पत्ता लगाउन कठिन हुनसक्छ । अन्तर्राष्ट्रिय आपूर्ति चक्रमा बहुराष्ट्रिय कम्पनीहरू पनि आफ्ना आपूर्तिकर्ता वा ठेकेदार मार्फत प्रत्यक्ष रूपमा वा बालश्रम व्याप्त रहेको क्षेत्रमा आफ्नो कामकारवाही सञ्चालन गरेर यस विषयसंग सम्बन्धित हुनसक्छन् । बालश्रम धेरै अवस्थामा परिवार र समुदायको गरिबीले निम्त्याएको र श्रम गर्ने वैधानिक उमेरका वयस्क तथा युवाहरूका लागि सम्मानजनक कामको अभाव, अपर्याप्त ज्याला, आम्दानीको सुरक्षा र सामाजिक संरक्षण नरहेको कारणले हुने गरेको पाइन्छ । र यो अवस्था प्रायः श्रमिक आपूर्ति गर्ने कम्पनीहरूलाई दिइने अपर्याप्त रकम, स्वास्थ्य सेवामा पहुँचको कमि, निःशुल्क गुणस्तरीय शिक्षा र व्यावसायिक तालिमको अभावले श्रृजना गरेको पाईन्छ । यो अवस्था यस्तो परिस्थितिमा हावी हुन्छ जहाँ श्रम सम्बन्ध कमजोर हुन्छ र सङ्गठित हुन पाउने स्वतन्त्रताको अभाव हुन्छ, । साथै अनौपचारिक पारिवारिक उद्यममा असक्षमताका कारण आफ्ना छोराछोरीको निःशुल्क श्रमका सट्टामा वयस्क श्रमिकलाई राख्न कठिन हुने अवस्थामा पनि यो हुने गरेको पाइन्छ ।

प्रभावकारी प्रशासन र सामाजिक संवाद बालश्रम विरूद्धको लडाईंका मुख्य तत्व हुन् । बालश्रम उन्मूलन गर्ने प्राथमिक जिम्मेवारी सरकारको हो, तर प्रभावकारी कदमका लागि सरकारी निकाय, श्रम निरिक्षक, राष्ट्रिय सामाजिक साझेदार र उद्यम तथा व्यावसायमा व्यवस्थापन तथा श्रमिकहरूका प्रतिनिधिबीच सहकार्य आवश्यक पर्दछ । बालश्रम उन्मूलन गर्ने उनीहरूको प्रयासलाई आइ.एल.ओ .ले राष्ट्रिय कानुनको बढ्दो परिपालन र अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मानव तथा श्रमसम्बन्धित अधिकार अवलम्वनका लागि सहयोगी संयन्त्र लगायत श्रम सम्बन्ध प्रणालीको विकास गरेर सहयोग पुर्‍याउँदछ । आपूर्ति चक्रसँग सम्बन्धित हरेक उद्यमले सकारात्मक योगदान पुर्‍याउनसक्छ र व्यवस्थापन तथा ट्रेड युनियन प्रतिनिधिहरूबीचको सामाजिक संवाद आत्मविश्वास निर्माण गर्न र दिगो समाधानहरू पत्ता लगाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

आइ.एल.ओ.ले व्यवसायहरूलाई विभिन्न तरिकाले निर्दिष्ट सहयोग पुर्‍याउँदछ ।

आइ.एल.ओ र संयुक्त राष्ट्रसङ्घीय ग्लोबल कम्प्याक्टको नेतृत्व रहेको बालश्रम मञ्च (CLP) एउटा अन्तर्राष्ट्रिय मञ्च हो जसले आपूर्ति चक्रमा हुने बालश्रम नियन्त्रण गर्ने कार्यमा के कुरा प्रभावकारी हुन्छ, के हुँदैन भन्ने अनुभव आदान प्रदान गर्न विश्वका विभिन्न विषयक्षेत्र र भौगोलिक क्षेत्रका कम्पनीहरूलाई एकअर्कासँग जोड्ने काम गर्दछ । रोजगारदाताहरूको अन्तर्राष्ट्रिय सङ्गठन (IOE) र अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (ITUC) ले संयुक्त रूपमा अध्यक्षता गर्ने र अन्य सम्बन्धित अन्तर्राष्ट्रिय युनियन महासंघहरूसँग पनि नियमित रूपमा सम्पर्क-सम्बन्धमा रहने CLP ले सम्बन्धित देशमा बालश्रम उन्मून गर्ने राष्ट्रिय त्रिपक्षीय संयन्त्र र प्रक्रियाहरूसँग अन्तर्राष्ट्रिय उद्यम तथा व्यवसायहरूको सम्बन्ध-सम्पर्कलाई बढाउने काम गर्दछ । आइ.एल.ओ. को प्राविधिक विशेज्ञता, स्थलगत अनुभव र नीतिगत सल्लाहको लाभ उठाउँदै CLP ले बालश्रम जोखिमको पहिचान र सम्बोधन कसरी गर्ने भन्ने बारेमा तालिम प्रदान गर्ने, अनुसन्धान परियोजनाहरूको नेतृत्व गर्ने र नयाँ अन्तर्राष्ट्रिय हातेपुस्तिका र निर्देशिकाहरूको विकास गर्ने काम गर्दछ । एउटै स्थानमा विभिन्न क्षेत्रहरूलाई समेट्ने गरी सदस्य कम्पनीहरूबीच बालश्रम निवारणजन्य क्रियाकलापहरूको सहजीकरण पनि CLP ले गर्दछ ।

CLP मार्फत असल अभ्यास र ज्ञानको साथी-साथीबीच आदानप्रदानलाई सहजीकरण गर्नुका अतिरिक्त आइ.एल.ओ.ले सार्वजनिक-निजी साझेदारीमार्फत उद्यम तथा व्यवसायहरूलाई आफ्नो आपूर्ति चक्रमा बालश्रमलाई सम्बोधन गर्न प्रत्यक्ष सहयोग गर्ने र स्थलगत वास्तविकताहरूलाई सम्बोधन गर्न व्यावहारिक सहयोग र सुझाव प्रदान गर्दछ । यसले बालश्रम अनुगमन प्रणालीको विकासमा सहयोग गर्ने, जोखिममा परेका समुदायहरूलाई आर्थिक रूपमा सशक्त बन्न मद्दत पुर्‍याउने, श्रमिक र साना उत्पादक संस्थाहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने र जोखिममा परेका समुदायमा बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच प्रवर्द्धन् गर्ने र अनुसन्धान गर्ने काम गर्दछ ।

व्यवसाय, र विशेषगरी व्यवस्थापक र श्रमिकहरूको संघसंस्थाका लागि आइ.एल.ओ. हेल्प डेक्सले श्रमसम्बन्धी विभिन्न मुद्दाहरूमा निःशुल्क र गोप्य सहयोग उपलब्ध गराउँछ । यसले बालश्रमसम्बन्धी आइ.एल.ओ. महासन्धिहरूको सिद्धान्तलाई व्यावसायिक काम र आपूर्ति चक्रमा लागु गर्ने बारेमा सल्लाह-सुझाव प्रवाह गर्दछ । हेल्प डेस्कको वेबसाइटमा सबै आइ.एल.ओ. ज्ञान, स्रोतहरु उपलब्ध छन् जसलाई उद्यम तथा व्यवसायहरूले आइ.एल.ओ. मापदण्डका सिद्धान्तहरूलाई नीति तथा व्यवहारमा लागु गर्न प्रयोग गर्नसक्छन् ।

## प्रतिबद्धताको निर्माण

आपूर्ति चक्रमा बालश्रमलाई समाधान गर्नका लागि सबै पक्षको सामूहिक प्रयास आवश्यक हुन्छ । राष्ट्रिय कानुन र नीतिले वास्तवमा बालश्रमको व्यावसायिक संलग्नताविरूद्ध संरक्षण प्रदान गर्छन् गर्दैनन् भन्ने बारेमा र यदि गर्दैनन् भने त्यसको अन्तर्वस्तु वा कार्यान्वयनलाई कसरी थप सुदृढ गर्ने भन्ने बारेमा राज्यहरूले विचार गर्नुपर्छ । दिगो प्रगतिका लागि सामाजिक संवाद महत्वपूर्ण रहेको र रहंदै आएको छ । रोजगारदाताहरूको संघसंस्थाहरू बालश्रमलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा आफ्ना सदस्यहरूलाई सुझाव र निर्देशन उपब्ध गराएर आपूर्ति चक्रमा बालश्रमको अन्त्य गर्ने प्रयासमा आफ्नो संलग्नता बढाई रहेका छन् । बालश्रम निवारण गर्ने सवालमा तालिम प्रदान गरेर, सुरक्षित र स्वस्थ काम गर्ने वातावरणको प्रवर्द्धन् गरेर, र उद्यम तथा व्यवसायहरूसँग अन्तर्राष्ट्रिय सम्झौतामा समेत सामूहिक सौदावाजी सम्झौतालगायत बालश्रमसम्बन्धी चासोहरूलाई मूलप्रभाहीकरण गरेर बालश्रम विरूद्धको लडाईमा मुख्य भूमिका निर्वाह गरिरहेका छन् । कम्पनीहरूका लागि कानुनको पालना र अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मानव तथा श्रमसंग सम्वन्धित अधिकारको सम्मान प्रमुख कुरा होः उनीहरूले आइ.एल.ओ. MNE घोषणापत्रको मार्गदर्शन र बालश्रमबाट मुक्त हुने बालबालिकाको अधिकारलाई उल्लङ्घन गर्नबाट टाढा रहन कदम चाल्ने आइ.एल.ओ. सुपरिवेक्षण निकायहरूको निष्कर्षको अनुशरण गर्नुपर्छ । हालै प्रकाशित व्यवसायका लागि ILO-IOE बालश्रम मार्गदर्शन सामग्रीले बालश्रमलाई सम्पूर्णतामा र प्रभावकारी रूपमा कसरी सम्बोधन गर्ने भन्ने बारेमा सिक्न व्यवसायहरूलाई मद्दत गर्दछ । र सन् २०१६ मा प्रकाशित "ट्रेड युनियन र बालश्रम" लक्षित प्रभावकारी ट्रेड युनियन कार्यलाई सहयोग पुर्‍याउन विकसित गरिएको नियम-पुस्तक हो ।

## बालश्रम विरूद्धको विश्व दिवस २०१६ मा हामीसँग हातेमालो गरौं ।

यो विश्व दिवस बालश्रम विरूद्ध आवाज उठाउने, आपूर्ति चक्रमा हुने बालश्रमको अन्त्यका लागि भइरहेको आह्वानमा साथ दिने र बालश्रमसम्बन्धी आइ.एल.ओ. महासन्धिहरूलाई अनुमोदन नगरेका देशलाई त्यसो गर्न आह्वान गर्ने अवसर हो । यो विश्व दिवसमा सहभागी हुन हामी, तपाई र तपाईंको संस्थालाई आमन्त्रण गर्दछौं । हरेक कृयाकलापले अर्थ राख्छ । हामीले मिलेर काम गरे केही भिन्नता अवश्य ल्याउनसक्छौं ।


थप जानकारीको लागि सम्पर्कः

**आई. एल. ओ. कार्यालय (नेपाल)**

धोबीघाट - नयाँ बाटो, ललितपुर

फोनः ९७७-१ -५५५५७७७, फ्याक्सः ९७७-१-५५५०७१४

ईमेलः kathmandu@ilo.org वेभसाईटः www.ilo.org/kathmandu


**बालश्रम विरूद्ध विश्व दिवस**

**१२ जून २०१६**